बागमती प्रदेश सरकार

# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

हेटौंडा, नेपाल

## प्रस्ताव आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/०८/१४**

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, बागमती प्रदेश, हेटौंडाको आ.व. २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार देहाय बमोजिमका कार्यक्रम कार्यान्वयनको लागि सहभागी हुन इच्छुक एवं मापदण्ड पुगेका आवेदक संस्थाबाट प्रस्ताव माग गर्न यो सूचना प्रकाशन गरिएको छ । सूचना प्रकाशित मितिले दरखास्त दिने अन्तिम मितिसम्म कार्यालय समयमा आईपुग्ने गरी तपसिलमा उल्लेखित कागजात सहित सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र वा यस निर्देशनालयमा प्रस्ताव दर्ता गर्नु हुन सूचित गरिन्छ । साथै रित नपुगी दर्ता भएका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौट प्रक्रियामा समावेश गरिने छैन ।

| क्र.स. | कार्यक्रमको नाम | इकाई | परिमाण | बजेट प्रति ईकाई | लागत साझेदारी | आवेदक | कार्यविधि | दरखास्त दिने अन्तिम मिति |
|---|---|---|---|---|---|---|---|---|
| १. | पशुपन्छी तथा मत्स्यजन्य उपजहरुको मूल्य श्रृंखला विकास कार्यक्रम | संख्या | ४ | बढीमा २५ लाख | कुल लागतको बढीमा ८० प्रतिशत (पूँजिगत खर्च तर्फ), चालु खर्च तर्फ बढीमा ५० प्रतिशत | कृषक/उद्यमी, कृषक समुह, कृषि सहकारी, कृषिमा कार्य गर्ने बहुउद्देश्यीय सहकारी र नीजि फार्म | कृषि, पशुपन्छी तथा मत्स्यजन्य उपजहरुको मूल्य श्रृंखला विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० | २०८०/०९/०४ (२१ दिन) |
| २. | साझेदारीमा निर्वाहमूखी पशुपालन पद्धतिलाई व्यवसायीकरण कार्यक्रम | संख्या | ४ | बढीमा ४० लाख | कुल लागतको बढीमा ८० प्रतिशत (पूँजिगत खर्च तर्फ), चालु खर्च तर्फ बढीमा ५० प्रतिशत | गाई/भैंसीपालक कृषक समुह/सहकारी | पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० | २०८०/०९/१३ (३० दिन) |
| ३. | बंगुरपालन व्यवसाय पुनः स्थापनाका लागि उन्नत नश्लका पाठापाठी आयातमा लाग्ने हवाईभाडामा ७५% अनुदान | पटक | १ | २५ लाख (कूल बजेट) | विदेशबाट उन्नत जातका बंगुरका पाठापाठी ल्याउँदा हवाई ढुवानी (टिकट) मा ७५ प्रतिशत भाडा ब्यहोर्ने | कृषक समूह/संघ/कृषि सहकारी/निजी फार्म | उन्नत नश्लका बंगुरको पाठापाठी ढुवानीमा लाग्ने हवाईभाडामा पचहत्तर प्रतिशत भाडा ब्यहोर्ने कार्यक्रम सञ्चालन कार्यविधि, २०८० | |

**संलग्न गर्नुपर्ने कागजातहरु**

१. सम्बन्धित व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि,
२. अनुसूचि-२ बमोजिमको रु. १०।- को हुलाक टिकट सहितको आवेदन पत्र, संस्था दर्ता तथा नविकरण गरेको प्रमाणपत्रको प्रतिलिपि,
३. **PAN/VAT** दर्ता प्रमाण पत्र र करचुक्ता प्रमाण पत्रको प्रतिलिपि,
४. कार्यक्रममा सहभागिता सम्बन्धी संस्थाको बैठकको निर्णयको प्रतिलिपि (समूह, सहकारी, संघको हकमा),
५. सम्बन्धित स्थानीय तहको पशु सेवा शाखाको सिफारिस पत्र,
६. आवश्यक अन्य कागजात (कार्यक्रम कार्यान्वयन/मूल्याङ्कन सम्बन्धी निर्देशनालयले तोके बमोजिम)

**पशुपन्छी तथा मत्स्यजन्य उपजहरुको मुल्य श्रृंखला विकास कार्यक्रमका लागि आवश्यक पर्ने अन्य कागजातहरु**

१. अनुसूचि-३ अनुसारको प्रस्ताव, अनुसूचि-४ बमोजिमको प्रतिबद्धता पत्र,
२. कार्यक्रम सञ्चालनका लागि आवेदक वा निजको पारिवारिक स्वामित्वमा पर्याप्त जग्गा रहेको प्रमाणपुर्जा वा जमिन करार गरेको सम्झौताको प्रतिलिपि,
३. पूर्वाधार निर्माणको हकमा कम्तीमा १० वर्षको लागि जमिन करार गरेको सम्झौताको प्रतिलिपि,
४. संकलन/प्रशोधन/भण्डारण/बजारीकरणमा मात्र संलग्न हुने आवेदकको हकमा उत्पादकसंग गरेको खरिद बिक्री सम्झौता

**साझेदारीमा निर्वाहमूखी पशुपालन पद्धतिलाई व्यवसायिकरण कार्यक्रमका लागि आवश्यक पर्ने अन्य कागजातहरु**

१. कृषक समूह/सहकारीको हकमा कम्तीमा १० (दश) जना गाई/भैंसीपालक कृषक सदस्य भई प्रति कृषक ३ (तीन) वटा माउ गाई/भैंसी पालेको हुनुपर्ने,
२. गत आ.व. को लेखा परीक्षण प्रतिवेदन,
३. अनुसूचि-४ बमोजिम कार्यक्रमको संक्षिप्त कार्ययोजना, अनुसूचि-५ बमोजिमको स्व-घोषणा पत्र,
४. अनुसूची-६ बमोजिमको कार्य स्थान खुल्ने नक्सा,
५. जग्गाको स्वामित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएको भए कम्तीमा ५ (पाँच) वर्षको करार सम्झौता,
६. सम्बन्धित स्थानीय तहको पशु सेवा शाखाको सिफारिस पत्र (पशु सेवा शाखाबाट पशुपन्छीको संख्या समेत खुलाउनुपर्ने)
७. कृषक समूह/सहकारी संस्थाले प्रोत्साहन माग गर्दा अनिवार्य रुपमा कृषक छनौट गरी कृषकको नाम र ठेगाना खुलाईएको पत्र

**बंगुरपालन व्यवसाय पुनः स्थापनाका लागि उन्नत नश्लका पाठापाठी आयातमा लाग्ने हवाईभाडामा ७५% अनुदान कार्यक्रमका लागि आवश्यक पर्ने अन्य कागजातहरु**

१. सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको सिफारिस पत्र,
२. उन्नत नश्लका बंगुरको पाठापाठी आयात गर्ने देशको नाम स्पष्ट रुपमा खुलाई Performance Invoice,
३. पाठापाठी आयातको लागि प्रचलित कानून अनुसार अपनाउनुपर्ने सम्पूर्ण प्रक्रिया पूरा गरेको प्रमाण

**पुनश्चः** कृषि, पशुपन्छी तथा मत्स्य उपजहरुको मूल्य श्रृंखला विकास कार्यक्रम कार्यन्वयन कार्यविधि, २०८० पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० र उन्नत नश्लका बंगुरको पाठापाठी ढुवानीमा लाग्ने हवाईभाडामा पचहत्तर प्रतिशत भाडा ब्यहोर्ने कार्यक्रम सञ्चालन कार्यविधि, २०८० लगायत उल्लेखित अनुसूचिहरु पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, हेटौंडाको वेबसाइट www.dolfd.bagamati.gov.np बाट डाउनलोड गर्न सकिनेछ । साथै यस निर्देशनालयको सम्पर्क नं. ०५७-५२४३१९/ ०५७-५२४२५४ मा सम्पर्क गरि कार्यक्रमको बारेमा विस्तृत जानकारी लिन सकिनेछ ।